# हेटौडा उपमहानगरपालिका

# वडा नं. १८

## बालबालिकाको वस्तुगत विवरण- २०७९

## CHILDREN PROFILE-2079

बालबालिकाको वस्तुगत विवरण- २०७९

प्रकाशक

हेटौडा उपमहानगरपालिका
वडा नं. १७ को कार्यालय

# विषय सूची

**खण्ड १ परिचयः** ........ 3
**१.१ वडाको परिचय** ........ 3
**१.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता** ........ 3
**१.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था** ........ 3
खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा ........ 4
**२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता** ........ 4
**२.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था** ........ 5
२.२.१ नेपालको संविधान ........ 5
२.२.२ स्थानीय सरकार संचालन ऐन २०७४ ........ 5
२.२.३ बालबालिका सम्बन्धि ऐन २०७५ ........ 6
२.२.४ दिगो विकास लक्ष्य ........ 6
२.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९ ........ 7
२.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ........ 7
२.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ........ 7
२.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२ ........ 7
२.२.९ पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) ........ 8
**२.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि** ........ 8
२.३.१ बालमैत्री ........ 8
२.३.२ बालमैत्री स्थानीय शासन ........ 8
**२.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र** ........ 9
२.४.१ बाल बचाउ ........ 9
२.४.२ बाल संरक्षण ........ 9
२.४.३ बाल विकास ........ 10
२.४.४ बाल सहभागिता ........ 10
**२.५ बाल समूह सम्बन्धि विवरण** ........ 10
**२.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता** ........ 10
**२.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण** ........ 11
**२.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण** ........ 11
खण्ड ३ वडाको जनसंख्या ........ 13
**३.१ बालबालिका उपस्थित घरपरिवार र घरमुली संख्या** ........ 13
**३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या** ........ 13
**३.३ बालबालिकाको जनसंख्या** ........ 15
**३.४ भाषाका आधारमा जनसंख्या** ........ 15
**३.५ जन्मदर्ता सम्बन्धी विवरण** ........ 15
**३.६ बाल विवाहको अवस्था** ........ 16
३.६.१ विवाह सम्बन्धि विवरण ........ 16
३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण ........ 16
३.६.३ बाल विवाह सम्बन्धि विवरण ........ 16
**३.७ प्रति परिवार औषत बालबालिका संख्या** ........ 17
**३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण** ........ 17

खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य........18
**४.१ सुरक्षित मातृत्व कार्यक्रम**........18
**४.२ खोप लगाउने बालबालिका सम्बन्धि विवरण**........19
**४.३ बालबालिकामा पोषणको स्थिति**........20
४.३.१ स्तनपात सम्बन्धी विवरण........20
४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण........20
**४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु**........20
**४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य**........21
**४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण**........22
४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण........22
४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण........22
**४.७ टिडी खोप सम्बन्धी विवरण**........23
**४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण**........23
**४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण**........23
**४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण**........24
**४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण**........24
**४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका**........25
**४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण**........25
**४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था**........25
**४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण**........26
खण्ड ५ वडाको शैक्षिक अवस्था........28
**५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण**........28
**५.२ शैक्षिक संस्थाहरुको विवरण**........28
**५.३ छात्रछात्राको विवरण**........28
५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण........28
५.३.२ वडाको बिद्यार्थी विवरण........29
**५.४ विद्यालय पुग्न लाग्ने समय**........30
**५.५ विद्यालयमा खानेपानीको सुविधा**........31
**५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था**........31
**५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण**........31
**५.८ विद्यालय भर्ना नभएका बालबालिकाको विवरण**........32
**५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण**........32
**५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण**........33
खण्ड ६ वडामा बाल संरक्षण........34
**६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण**........34
**६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण**........34
**६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण**........34
**६.४ बालश्रमिक सम्बन्धी विवरण**........35
**६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण**........35
**६.६ सडक बालबालिकाको विवरण**........35

**६.७ कुलतमा लागेका बालबालिकाको विवरण**....35
**६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण**....35
**६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण**....36
**६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण**....36
**६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण**....36
खण्ड ७ वडाको आर्थिक विकास....37
**७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण**....37
**७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण**....37
**७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण**....38
**७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण**....38
खण्ड ८ वडाको प्रकोप अवस्था....39
**८.१ प्रकोपको विवरण**....39
**८.२ प्रकोपबाट भएको क्षतिको विवरण**....39
**८.३ बाल अपराधको विवरण**....39

# खण्ड १ परिचयः

## १.१ वडाको परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

वडा नम्बर १८ को क्षेत्रफल ३३.३६ वर्ग कि.मी. रहेको छ। यस वडाको पुर्व सिमानामा बकैया गाउँपालिका, पश्चिमा वडा नं. १७, उत्तरमा मकवानपुरगढी गाउँपालिका र दक्षिण तर्फ निजगढ नगरपालिका अवस्थित छ। यसको अधिकांस भागहरु ग्रामिण स्तरका छन।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र ९७,८९८ महिला) रहेको छ। वडा नम्बर १८ मा घरधुरी सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ३,२७४ रहेको छ जस्मा १,६९१ बालक र १,५८३ बालिका रहेका छन्।

## १.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

वडा नं. १८ साबिकको हर्नामाडीका सबै वडाहरु मिलेर बनेको छ। यसको कुल क्षेत्रफल ३३.३६ वर्ग किलोमिटर रहेको छ। यस वडाको पुर्व सिमानामा बकैया गाउँपालिका, पश्चिमा वडा नं. १७, उत्तरमा मकवानपुरगढी गाउँपालिका र दक्षिण तर्फ निजगढ नगरपालिका अवस्थित छ। यसको अधिकांस भागहरु ग्रामिण स्तरका छन। यस वडा भित्र गुम्बाडाँडा, गोरक्ष ताल जस्ता पर्यटकीय स्थलहरु रहेका छन् र मुख्य बस्तिहरुमा फेदी बेलघारी, देवातीगाउँ, एक्लेखेत, दियावती, फूर्केचौर, ठूलोदमार, भुलभुले, बड्कुले, गोठदमार, भोर्ले, रमिते, दोभान लालभित्ति, जलारी र ढुङ्गानागाउँ हुन।

## १.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था

यस वडामा सेवा-नोकरीको क्षेत्रमा सबैभन्दा धैरै परिवारहरु आवद्ध रहेका छन् अर्थात ३५% परिवार सेवा-नोकरीमा छन् भने २३% व्यापार-व्यवसायमा संलग्न छन्। कृषि र पशुपालन गर्नेहरु ७ प्रतिशत र ज्याला मजदुरी गर्नेहरु १६ प्रतिशत छन्। यस वडाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ७१० रहेको छ र ती मध्ये २५.२ प्रतिशत महिला छन्। उनीहरुबाट प्राप्त विप्रेषणबाट १४% परिवारको जीविकोपार्जन धानिएको छ।

# खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा

## २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

- उमेर, परिपक्कता, पारिवारिक स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसरहरूको आधारमा बालबालिकाको परिभाषा गर्न सकिन्छ। तर बालबालिका सम्बन्धी ऐन २०७५ को अनुसार "बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ती सम्झनु पर्छ।"
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ।
- अन्तराष्ट्रिय महासंन्धी १९८९ का अनुसार कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सबै बालक वा बालिका हुन।
- नेपालको बाल श्रम निषेध र नियमन गर्ने ऐन २०५६ ले ए १४ बर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूषमा काममा लगाउनु हुदैन भनी १४ बर्षलाई बालबालिकाको उमरे समूहको रूपमा चित्रण गरेको छ।

यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समूहलाई आधार मानि बालबालकाको परिभाषा गर्न खोजिएको पाईन्छ तर बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ।

बालमैत्री स्थानीय शासनको आवश्यकता निम्नानुसार छन्:

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न
- बालबालिका विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्न
- बालबालिकाले आफ्नोलागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न
- बालबालिकाहरूमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न
- बालबालिकाहरू आफ्नो अधिकार प्राप्त गरी कर्त्यव्य प्रति पनि जिममेवारी बोध गर्न
- बाल संजालहरुको विकास, बाल सहभागिताको विकास र गाउँ समाजको नाम राख्न
- बालबालिकाको उज्जवल भविष्य निमणि गर्न
- परिवार र स्थानीय निकायहरुमा बालबालिका प्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न
- बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालाहरुलाई जिम्मेवार बनाउन
- बालबालिकालाई सुरक्षित रूपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन
- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरूको आवाज सुनुवाई गर्न
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न
- आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरूले बोलेका कुराहरू निर्णयकर्तालाई बुझाउन सक्ने सकने अवसरको श्रृजना गर्नु
- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरूबाट संरक्षण गर्न

- देशको लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्ने।

## २.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था

### २.२.१ नेपालको संविधान

नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत ३९ नं. बुँदामा बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसमा निम्न कुराहरु उल्लेख गरिएको छः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानस्रिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल नयायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकुल हुनेगरी गर्नु पर्ने र सबै प्रकृयामा बालालिका लगायतका अन्तर सम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

### २.२.२ स्थानीय सरकार संचालन ऐन २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न प्रावधानहरु रहेका छन्। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११(ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ/नगरपालिकाको रहेको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा

व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत गाउँ/नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ। यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।

ऐनको दफा १२ उपदफा २ खण्ड (१) को ग ले बालमैत्री स्थानीय शासन प्रवद्र्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसञ्जालको संचालन र व्यवस्थापन, वडाततहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाई बि.सि.जि, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तर विद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरु समेत वडाको जिम्मेवारीमा रहेका छन्। यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालाबलिकाको उद्धार र पुर्नस्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्धनात्मक कार्यहरु गर्न, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ।

### २.२.३ बालबालिका सम्बन्धि ऐन २०७५

प्रत्येक बालक जन्मे पछि निजको बाबु भए बाबुले बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृती र चलन अनुसार बालकको नाम राखिदिनु पर्दछ। बालकको बाबु, आमा वा परिवारको अन्य कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखि दिनु पर्ने व्यवस्था ऐनमा उल्लेख छ। साथै बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त नीजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरन्जनको सुविधाहरूको व्यवस्था गर्नु पर्दछ भनि ऐनमा उल्लेख छ।

### २.२.४ दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकास लक्ष्यहरु हुन् जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणत्मक लक्ष्यहरु तोकिएका छन्। पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत "सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन" मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ।

दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन्। जसमध्ये महत्वपूर्ण लक्ष्यहरुमा लक्ष्य ४: सबैका

लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरुको सशक्तीकरण गर्ने र लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने विषयहरु रहेका छन्। सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ।

### २.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९

बाल आधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैर विभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिन विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता ४ क्षेत्रहरुमा केन्द्रित हुँदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ।

### २.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तत्कालिन समयमा स्थानीय निकायलाई बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न दिशा निर्देश गर्ने उद्देश्यले ल्याईएको थियो। यस कार्यविधिले बालमैत्री स्थानीय शासनको प्रवर्द्धनकोलागि संस्थागत संरचनाको व्यवस्था, कार्य जिम्मेवारी, अनुगमन मूल्याङ्कन सम्बन्धि व्यवस्था, कोषको व्यवस्थाका साथै बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री नगरपालिका घोषणाकालागि पुरा गर्नु पर्ने ३६ वटा सूचकहरुको व्यवस्था गरेको थियो।

### २.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

बालमैत्री स्थानीय शासन बाल अधिकारका सवाललाई स्थानीय शासन पद्धतिमा मूलप्रवाहीकरण गरी बाल अधिकारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउने प्रणाली हो। नेपाल सरकारले बि. स. २०६८ सालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि लागू गरी यस अवधारणालाई ठोस स्वरुप प्रदान गरिसकेको छ। त्यस्तैगरी बि. स. २०७८ मा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी गरिसकेको छ। यस निर्देशिकाले बालबालिकाको अर्थपूर्ण सहभागिताको आधारमा उचित नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था साथसाथै बाल केन्द्रित लगानी तथा विकास योजनाको कार्यन्वयन गरी बालमैत्री घोषणाको परिकल्पना गरेको छ र घोषणा गर्ने निश्चित प्रक्रिया समेत तोकेको छ।

### २.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२

नेपाल सरकारले बाल विवाह अन्त्यकालागि राष्ट्रिय नीति २०६९ र राष्ट्रिय रणनीति २०७२ जारी गरिसकेको छ। सारमा उक्त नीति र रणनीतिले बाल विवाहलाई बालबालिकाको हकअधिकारको प्रचलनकालागि बाधकको रुपमा पहिचान गरेको छ। त्यसकारण बाल विवाह रोक्नकोलागि सरकार र साझेदार संघसंस्थाहरुको सहकार्यमा स्थानीय समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कार्वाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यकालागि स्थानीय तहलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ। यसैगरी स्थानीय स्तर

सम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

### २.२.९ पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२)

पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) मा बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोचमा आधारित रही बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिँसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागकिकको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोर किशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने, बालबालिका तथा किशोर किशोरीविरुद्ध हुने शारीरिक मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्धेश्य राखिएको छ।

बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने, असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर किशोरलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने, विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने र विद्यमान बालगृहको संस्थागत आवसीय संरक्षणलाई निरुत्साहित तथा निसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य बैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीति पन्ध्रौं योजनामा उल्लेख गरिएको छ।

## २.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि

### २.३.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रिपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्थात बालबालिकालाई मन पर्ने, उनीहरुलाई सहज, रमाईला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ जस्तै विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले आफ्ना बालबालिकालाई अशल व्यवहार गर्नु आदि। त्यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा र धर्म आदिको आधारमा भेदभाव नगर्नु र बालबालिकासंग सम्बन्धित विषयमा बालबालिकाको विचारहरु सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्रि भनिन्छ।

### २.३.२ बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको पन्ध्रौ योजना (२०७६/७७—२०८०/०८१) लगायत अन्य कानून, नीति तथा

कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ। स्थानीय सरकारको रुपमा रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन्। यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तरनिहित गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित भए अनुसार बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ।

कुनै पनि स्थानीय तहले बालबालिकाको आधारभूत अधिकार बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई स्थानीय तहको नीति, संरचना र प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी शासकीय पद्धतिको विकास गर्छ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका र कार्यान्वयन कार्यविधिहरुमा उल्लेखित सूचक तथा मापदण्ड पूरा गर्नकालागि प्रतिवद्धताका साथ कार्य गर्दछ भने उक्त स्थानीय तह बालमैत्री स्थानीय शासन उन्मुख भएको सम्झनु पर्दछ। निर्देशिका र कार्यविधिहरुमा तोके बमोजिमको बालमैत्री स्थानीय शासनको सूचकहरुमा नतिजा प्राप्त गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय तहको रुपमा लिन सकिन्छ।

## २.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचकहरु र १५ वटा संस्थागत सूचकहरु गरी जम्मा ५१ वटा सूचकहरुले तोके बमोजिम न्यूनतम उपलब्धी हाँसिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाँउ र वडा समिति, गाँउपालिका र सरोकारवालहरुको हो।

### २.४.१ बाल बचाउ

बालबालिकालाई पोषणयुक्त खाना, आवास, लत्ता कपडा, औंषधी, तोकिएको खोपहरु, स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार र स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने अधिकार, खेदकुद, मनोरञ्जन एवम् सांस्कृतिक अधिकार बालबालिकाको बांच्न पाउने अधिकार अन्तर्गत पर्दछन्।

### २.४.२ बाल संरक्षण

बाल संरक्षण अन्तर्गत बालबालिकाको नाम र जन्म दर्ता, आफू विरुद्ध हुने सबै प्रकारको हिँसा, दुर्व्यवहार, बेचविखन, ओसारपासर, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्तापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई सुनिश्चित भविश्यकोलागि स्थानीय तहबाट गरिने विशेष संरक्षण, बालबालिकालाई नीजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरु पर्दछन्।

### २.४.३ बाल विकास

बाल विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास सहितको व्यक्तित्व विकासकालागि शिक्षा, संरक्षकत्व प्राप्त गर्ने जस्ता अधिकारलाई सम्झनु पर्दछ। बालबालिकासंग सम्बन्धित विषयगत क्षेत्रहरु जस्तै सार्वजनिक, भौतिक सुविधाहरु, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जन स्थल, सडकपेटी र जेब्राक्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने विषयहरु पनि बाल विकासका अधिकार भित्र पर्दछन्। स्थानीय आवश्यकता र सम्भावनाको आधारमा बाल प्रतिभा उजागर हुन् गरी संचालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरु बाल विकासका क्षेत्रभित्र पर्दछन्।

### २.४.४ बाल सहभागिता

बालबालिकाको सरोकारको विषय र उनीहरुको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नीतिहरुको निर्माण तथा निर्णय प्रकृयामा बालबालिकाको विचार सुनवाई गर्ने र उनीहरुको विचारको कदर गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनको हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, कुनै पनि विषयमा जानकारी राख्न र अभिव्यक्त गर्न पाउने, रचनात्मक कार्य गर्न तथा संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु बाल सहभागिताका अधिकारहरु हुन। बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागि गराउंदै सिक्ने, अनुभव गर्ने र अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्क र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

## २.५ बाल समूह सम्बन्धि विवरण

यस वडाको रहेको विभिन्न बाल समूहहरुमा उपश्थित बालबालिकाहरुको विवरण तपशिल अनुसारको रहेको छः

| क्र.सं. | बाल समूहको विवरण | बालिका | बालक | अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|
| १ | विद्यालयमा आधारित बालसमूह | ७६ | ६४ | ० | १४० |
| २ | समुदायमा आधारित बालसमूह | १६१ | १३९ | ० | ३०० |
| | **जम्मा :** | **२३७** | **२०३** | **०** | **४४०** |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता

यस वडाको बाल समूह/संजाल सम्बन्धि विवरण तपशिल अनुसार रहेको छः

| बाल समूह संख्या | | | बाल समूह संजाल संख्या | कैफियत |
|---|---|---|---|---|
| विद्यालय स्तरिय | टोल स्तरिय | जम्मा | | |
| ६ | १२ | **१८** | १ | वडा स्तरिय |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

यस वडाको शासकिय संरचनामा बाल सहभागिता विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | संरचना | बाल सहभागिता | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | स्वास्थ्य व्यवस्थपान समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समिति ६ वटामा | | | १४० |
| ४ | वडा स्तरीय बाल अधिकार समिति | | | |
| ५ | बाल समूह (विद्यालय र टोल स्तरिय) १८ वटामा | २३७ | २०३ | ४४० |
| ६ | वडा बाल संजाल | | | २५ |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण

यस वडाको बालमैत्री स्थानीय शासन वडा समितिको विवरण तपशिल अनुसार रहेको छः

| क्र.स. | नाम थर | पद | प्रतुनिधित्व गरेको निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | अनिल कुमार बानियाँ | अध्यक्ष | वडा अध्यक्ष | ९८५५०६८०९१ |
| २ | पुजा मंग्राती | सदस्य | वडा सदस्य | ९८४५१३४२८७ |
| ३ | योगराज खतिवडा | सदस्य | वडा सदस्य | ९८५५०७३३२० |
| ४ | तोयानाथ तिमल्सिना | सदस्य | वडा सदस्य | ९८५५०८८२०४ |
| ५ | ममता कार्की | सदस्य | टो.वि.स.स.अध्यक्ष | ९८४५०२५७०० |
| ६ | मंजु श्रेष्ठ | सदस्य | हर्नामाडी स्वास्थ्य चौकि प्रमुख | ९८४५४५६०५४ |
| ७ | तेजकुमारी न्यौपाने | सदस्य | महिला जागरण समूह अध्यक्ष | ९८६५३७९५५२ |
| ८ | जयराम थापा | सदस्य | ज्योती मा.वि प्र.अ | ९८४५१२६०२६ |
| ९ | रुपा रिजाल | सदस्य | भावना आ.वि प्र.अ | ९८४५४५८४२५ |
| १० | सुदिप राज गिरी | सदस्य | मकवानपु बाल विद्या सदन प्र.अ | ९८५५०७०९३५ |
| ११ | विमला बिसुन्के | सदस्य | महिला स्वंयम सेविका | ९८४५५८९६२७ |
| १२ | कोपिला पुडासैनी | सदस्य | ठुलोदमार प्रहरी चौकी | ९८४५५१४७२९ |
| १३ | आश्ना भुजेल | सदस्य | वडा बाल संजाल सदस्य | ९८१२२२६२७० |
| १४ | विपिन गौतम | सदस्य | वडा बाल संजाल सदस्य | |
| १५ | दिपेन्द्र ढकाल | सदस्य सचिब | वडा सचिव | ९८४५०३०४७० |

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

## २.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण

बालमैत्री स्थानीय शासनको सूचकहरुमा बालभेला र बजेट विनियोजनको सूचक पनि समावेश रहेको छ जस अनुसार स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाँउ/नगरपालिका तहमा


बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ भन्ने रहेको छ जस्को कार्यान्वयन सत प्रतिशत हुनु पर्दछ।

यसै सन्दर्भमा यस हेटौँडा उपमहानगरपालिकाले अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नकोलागि आर्थिक बर्ष २०८०/०८१ को योजना तर्जुमाको चरणमा नगर स्तरको बाल भेलाको आयोजना गरेको छ।

# खण्ड ३ वडाको जनसंख्या

## ३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या

हेटौँडा उपमहानगरपालिकाको वडा नम्बर १८ मा रहेको जम्मा १,७९७ घरपरिवारमा मात्र बालबालिकाको उपश्थिति रहेको पाईयो। उक्त घरपरिवार मध्ये ४२१ महिला घरमुली र १,३७६ पुरुष घरमुली रहेको पाईयो। लिङ्गको आधारमा घरमुली प्रतिशत निम्नानुसार रहेको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा महिला घरमुली २३.४ प्रतिशत र पुरुष घरमुली ७६.६ प्रतिशत रहेको छ।

## ३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

यस वडाको कूल ८,३७६ जनसंख्या मध्ये ४,११८ महिला र ४,२५८ पुरुष रहेका छन्। उक्त जनसंख्यालाई प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

पुरुषको जनसंख्या महिलाको भन्दा १४० जनाले धैरै छ। उमेर समूहको आधारमा ३१-४० उमेर समूहको सबैभन्दा बढि जनसंख्या (१,३७६) रहेको छ भने दोस्रोमा १९-२५ उमेर समूहको जनसंख्या (१,२२९) रहेको छ। उमेर समूह अनुसार यस वडाको जनसंख्या विवरण (संख्या र प्रतिशत) निम्न रहेको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | महिला जनसंख्या | पुरुष जनसंख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | ०.६४% | ०.७४% | ५४ | ६२ | ११६ |
| २ | १ देखि २ वर्ष | ०.९२% | ०.८४% | ७७ | ७० | १४७ |
| ३ | ३ देखि ५ वर्ष | १.८३% | २.५२% | १५३ | २११ | ३६४ |
| ४ | ६ देखि १० वर्ष | ३.५०% | ४.०४% | २९३ | ३३८ | ६३१ |
| ५ | ११ देखि १८ वर्ष | ६.४७% | ६.५५% | ५४२ | ५४९ | १०९१ |
| ६ | १९ देखि २५ वर्ष | ७.६५% | ७.०२% | ६४१ | ५८८ | १२२९ |
| ७ | २६ देखि ३० वर्ष | ५.४०% | ५.४६% | ४५२ | ४५७ | ९०९ |
| ८ | ३१ देखि ४० वर्ष | ७.९९% | ८.४४% | ६६९ | ७०७ | १३७६ |
| ९ | ४१ देखि ५० वर्ष | ५.४८% | ५.९८% | ४५९ | ५०१ | ९६० |
| १० | ५१ देखि ६० वर्ष | ४.४३% | ४.३६% | ३७१ | ३६५ | ७३६ |
| ११ | ६१ देखि ७० वर्ष | २.८५% | २.८३% | २३९ | २३७ | ४७६ |
| १२ | ७१ देखि ८० वर्ष | १.४०% | १.४४% | ११७ | १२१ | २३८ |
| १३ | ८१ देखि ९० वर्ष | ०.४८% | ०.४८% | ४० | ४० | ८० |
| १४ | ९१ देखि १०० वर्ष | ०.१२% | ०.१४% | १० | १२ | २२ |
| १५ | १०० वर्ष भन्दा माथिका | ०.०१% | ०.००% | १ | ० | १ |
| | **जम्मा :** | ४९.१६% | ५०.८४% | **४,११८** | **४,२५८** | **८,३७६** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा १०० वर्ष माथिको उमेर पुगेको व्यक्ति १ जना महिला रहेको छ अर्थात यो समूह सबैभन्दा कम जनसंख्या भएको उमेर समूह हो भने ९१ देखि १०० वर्ष समूहमा २२ जना मात्र छन् जस्मा महिला १० जना छन्। यस वडामा लैंङ्गिक तथा अल्पसंख्यकको उपश्थिति भएको पाईएन।

घरपरिवारको जातिगत विवरण हेर्दा यस वडामा सबैभन्दा धैरे जनसंख्या ब्राहमण/क्षेत्री परिवारको ८२२ (४५.७%) रहेको छ। दोस्रोमा जनजातिको परिवार ७०२ (३९.१%) को बसोवास रहेको छ। अन्य जातिका परिवार विवरण सहित विस्तृत तलको तालिकामा उल्लेख गरिएको छः

| क्रस | जात/जातिका परिवार | परिवार प्रतिशत | परिवार संख्या |
|---|---|---|---|
| १ | ब्राहमण/क्षेत्री | ४५.७% | ८२२ |
| २ | जनजाति | ३९.१% | ७०२ |
| ३ | दलित | १४.७% | २६५ |
| ४ | मधेसी | ०.४% | ८ |
| | | **जम्मा परिवार:** | **१,७९७** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.३ बालबालिकाको जनसंख्या

यस वडाको कूल बालबालिकाको संख्या २,३४९ मध्ये १,११९ बालिका र १,२३० बालक रहेको छन्। उक्त जनसंख्याको आधारमा ४७.६४ प्रतिशत बालिका र ५२.३६ प्रतिशत बालकको जनसंख्या रहेको छ। तुलनात्मक रुपमा बालकको संख्या बालिकाको भन्दा १११ ले बढि छ। उमेरगत बालबालिकाको जनसंख्या सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | उमेर समूह | महिला (%) | पुरुष (%) | बालिका संख्या | बालक संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | जन्मे देखि १ वर्ष सम्म | ०.६४% | ०.७४% | ५४ | ६२ | ११६ |
| २ | १ देखि २ वर्ष | ०.९२% | ०.८४% | ७७ | ७० | १४७ |
| ३ | ३ देखि ५ वर्ष | १.८३% | २.५२% | १५३ | २११ | ३६४ |
| ४ | ६ देखि १० वर्ष | ३.५०% | ४.०४% | २९३ | ३३८ | ६३१ |
| ५ | ११ देखि १८ वर्ष | ६.४७% | ६.५५% | ५४२ | ५४९ | १०९१ |
| **जम्मा :** | | | | **१,११९** | **१,२३०** | **२,३४९** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

वडाको कूल जनसंख्याको आधारमा १३.३६ प्रतिशत बालिका र १४.६८ प्रतिशत बालकको जनसंख्या रहेको छ। यस वडामा ११ देखी १८ वर्ष उमेर समूहका बालबालिकाको संख्या अन्य उमेर समूह भन्दा धेरै छन् र यस उमेर समूहमा बालकको संख्या बालिकाको भन्दा ७ जनाले बढि रहेको छ।

### ३.४ भाषाका आधारमा जनसंख्या

भाषाको आधारमा हेर्दा यस वडामा सबैभन्दा धेरै जनसंख्या नेपाली १७३६ (९८.११%) भाषा बोल्दछन् त्यसपछि नेवारी र हिन्दी क्रमशः एक एक परिवार (०.०६%) बोल्दछन्। भाषाको आधारमा जनसंख्या तलको तालिकामा उल्लेख गरिएको छः

| SN | भाषाहरु | भाषा प्रतिशत | भाषा संख्या |
|---|---|---|---|
| 1 | नेपाली | ९८.११% | १७६३ |
| 2 | तामाङ | १.७८% | ३२ |
| 3 | नेवारी | ०.०६% | १ |
| 4 | हिन्दी | ०.०६% | १ |
| | **जम्मा भाषा** | १००.००% | १,७९७ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.५ जन्मदर्ता सम्बन्धी विवरण

यस वडामा ६०३ (अर्थात ९६.१७%) जना ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता गरिएको छ भने ३.८३% बालबालिकाको जन्मदर्ता हुन सकेको छैन। जन्मदर्ता सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

| विवरण | संख्या/प्रतिशत |
|---|---|
| ५ वर्ष मुनिका बालबालिकाको जनसंख्या | ६२७ |

| जन्म दर्ता भएको बालबालिकाको संख्या | ६०३ |
|---|---|
| **प्रतिशत (%)** | **९६.१७** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

## ३.६ बाल विवाहको अवस्था

### ३.६.१ विवाह सम्बन्धि विवरण

विगत ३ वर्ष भित्र विवाह भएको संख्या १६८ जस्मा महिला ६६ र पुरुष १०२ जना थिए। विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | विवाहिताको लिङ्ग | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | महिला | ३९% | ६६ |
| २ | पुरुष | ६१% | १०२ |
| ३ | लैंगिग अल्पसंख्यक | ०% | ० |
| | **जम्मा परिवार:** | १००% | १६८ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण

१६८ जनाको विवाह गर्दाको उमेरलाई विश्लेषण गर्दा २६-३० वर्ष उमेर समूहका ६१ जना (१४ महिला र ४७ पुरुष) को विवाह भएको छ जुन सबैभन्दा धेरै विवाह भएको उमेर समूह हो। १६-१८ वर्षका ७ जना (३ महिला र ४ पुरुष) को विवाह भएको छ भने १९- २० वर्षका २५ जना (१९ महिला र ६ पुरुष) को विवाह भएको छ। त्यस्तैगरी २१-२५ वर्षका ५९ जना (२७ महिला र ३२ पुरुष) को विवाह भएको छ भने ३१- ३५ वर्षका ११ (२ महिला र ९ पुरुष) को विवाह भएको छ। ३६-४० र ४१-४५ वर्ष उमेर समूहमा पनि विवाह भएको देखिएको छ। विवाह सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | लिङ्ग | बिगत ३ वर्ष भित्रको बिवाहिताको उमेरगत विवरण | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १६ देखि १८ वर्ष | १९ देखि २० वर्ष | २१ देखि २५ वर्ष | २६ देखि ३० वर्ष | ३१ देखि ३५ वर्ष | ३६ देखि ४० वर्ष | ४१ देखि ५५ वर्ष | |
| १ | महिला | ३ | १९ | २७ | १४ | २ | १ | ० | ६६ |
| २ | पुरुष | ४ | ६ | ३२ | ४७ | ९ | ३ | १ | १०२ |
| | **जम्मा** | **७** | **२५** | **५९** | **६१** | **११** | **४** | **१** | **१६८** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ३.६.३ बाल विवाह सम्बन्धि विवरण

बिगत ३ वर्ष भित्रको विवाहलाई अध्ययन गर्दा २० वर्ष भन्दा मुनिका विवाहको संख्या ३२ रहेको छ। १६-१८ वर्षका ३ महिला र ४ पुरुष तथा १९-२० वर्षका १९ महिला र ६ पुरुषहरुले उमेर नपुगि विवाह गरेको देखिन्छ। अर्थात विगत ३ वर्षमा यस वडामा उमेर नपुगी र बाल विवाह भएको देखिन्छ। २० वर्ष भन्दा कम उमेरमा भएको विवाहमा बालक भन्दा बालिकाको संख्या बढि पाईएको छ।

### ३.७ प्रति परिवार औषत बालबालिका संख्या

यस वडाको कूल जनसंख्या ८,३७६ र बालबालिकाको जनसंख्या २,३४९ रहेको छ। उक्त जनसंख्याको आधारमा यस वडाको प्रति परिवार औषत बालबालिका संख्या १.३१ रहेको छ।


### ३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण

घरधुरी सर्वेक्षण, २०७९ अनुसार यस वडामा शारिरिक अपाङ्गता, दृष्टिबिहिन र न्युन दृष्टिबिहिन, स्वर/बोलाई सम्बन्धि, मानसिक बौद्धिक अपाङ्गता र सुस्त श्रवन तथा बहिरा जस्ता अपाङ्गता भएका बालबालिकाको संख्या १३ रहेको छ जस्मा बालिका ७ र बालक ६ पर्दछन्।

# खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य


## ४.१ सुरक्षित मातृत्व कार्यक्रम

बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको संख्या १८५ रहेको छ जस्मा बालिका ९४ र बालक ९१ रहेका छन्। तलको तालिकामा विगत २ वर्षमा जीवित जन्म भएका बालबालिकाको संख्यालाई प्रतिशतमा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)


जीवित जन्म भएका शिशुहरुले पोषण प्राप्त गरेको अवस्थालाई विश्लेषण गर्दा २४.३२ प्रतिशत शिशुहरुले जन्मिने वित्तिकै बिगौती दुध खान पाएका थिए भने जन्मिने वित्तिकै बिगौती दुध नखुवाईएको शिशु ३.७८ प्रतिशत भएको पाईयो। शिशुहरुले स्तनपान गर्न पाएको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.२ खोप लगाउने बालबालिका सम्बन्धि विवरण

यस वडामा बालबालिका भएको जम्मा घरपरिवार १,७९७ रहेकोमा बाल रोग तथा खोपको बारेमा जानकारी भएको घरपरिवार १,२२१ रहेका छन् अर्थात जम्मा घरपरिवारको ६७.९५ प्रतिशत घरपरिवारलाई बाल रोग तथा खोपको बारेमा जानकारी रहेछ। सो बारेमा थप जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

एक वर्ष मुनिका बालबालिकाको संख्या ८८ (४२ बालिका र ४६ बालक) जना छन्। विभिन्न प्रकारका खोपहरु र खोप लगाएका बालबालिकाहरुको विवरण निम्नानुसार छन्:

| बालक/बालिका | बि.सि.जी. (BCG) | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-१ | डी.पी.टि. (DPT)/हेप. बि. हिव.-२ | डी.पी.टि. (DPT)/हेप.बि. हिव.-३ | दादुरा/रुबेला |
|---|---|---|---|---|---|
| बालिका | 42 | 39 | 32 | 17 | 16 |
| बालक | 44 | 39 | 33 | 20 | 18 |
| **जम्मा:** | 86 | 78 | 65 | 37 | 34 |
| **जम्मा:** | **98%** | **89%** | **74%** | **42%** | **39%** |

माथिको तालिका अनुसार बि.सि.जी. खोप लगाउने बालबालिकाहरु ८६ जना अर्थात कूल एक वर्ष मुनिका बालबालिकाको ९८ प्रतिशत रहेका छन् भने डी.पी.टि. (DPT)/हेप.बि. हिव.-१ खोप लगाउने बालबालिकाहरु ७८ अर्थात ८९ प्रतिशत रहेका छन्। थप खोप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| बालक/बालिका | हेपटाईटिस वी | पी.सी. भी. | रोटा | पोलियो | एफ.आइ .पी.भी. | दादुरा/रुबेला -२ | जे.इ. |
|---|---|---|---|---|---|---|---|
| बालिका | 13 | 25 | 20 | 16 | 14 | 1 | 10 |
| बालक | 13 | 14 | 14 | 17 | 9 | 2 | 8 |
| **जम्मा:** | 26 | 39 | 34 | 33 | 23 | 3 | 18 |
| **जम्माः** | **30%** | **44%** | **39%** | **38%** | **26%** | **3%** | **20%** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.३ बालबालिकामा पोषणको स्थिति

बालबालकाको पोषणको अवस्था सुधारको लागि यस वडामा नियमित रुपमा सुत्केरी आमाहरुकोलागि पोषण भत्ता उपलब्ध गराउनुका साथै आवश्यक सचेतनामुलक कार्यक्रमहरु निरन्तर भइरहेका छन्। बालबालिकाको पोषणको स्थिति अन्तरगत यहाँ बालबालिकाको स्तनपान र कुपोषणको बारेमा तल विश्लेषण गरिएको छः

#### ४.३.१ स्तनपात सम्बन्धी विवरण

बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको संख्या ९४ बालक र ९१ बालिका गरी जम्मा १८५ जना रहेका छन्। जीवित जन्म भएका शिशुहरुले पोषण प्राप्त गरेको अवस्थालाई विश्लेषण गर्दा ४५ (२४.३२ प्रतिशत) शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध खुवाएको पाईयो भने ७ (३.७८ प्रतिशत) शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध नखुवाईएको पाईयो।

त्यस्तैगरी ६ महिना सम्म आमाको दुध मात्रै खुवाईएका शिशु ९३ जना (५०.२७ प्रतिशत) रहेको पाईयो भने ६ महिना सम्म आमाको दुध र अन्य खानेकुरा पनि खुवाएका शिशु ६१ जना (३२.९७ प्रतिशत) रहेको पाईयो। शिशुहरुले स्तनपान गर्न पाएको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

| **१ वर्ष सम्मका शिशुको संख्या** | **६ महिना सम्म शिशुलाई पूर्ण स्तनपान गराइएका** | | **६ महिना सम्म शिशुलाई स्तनपान नगराइएका (आमाको दुध सहित थप खाना खुवाएको)** |
|---|---|---|---|
| **शिशुको संख्या** | **शिशुको संख्या** | **प्रतिशत** | **शिशुको संख्या** |
| ११६ | ९३ | ८०.१७ | ६१ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

#### ४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण

| **५ वर्ष मुनिका जम्मा बालबालिकाका संख्या** | **कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्या** | **अति कडा कुपोषण भएको बालबालिकाका संख्या** | **पोषण सुधारका लागि आवश्यक उपचार गराइरहेका बालबालिका संख्या** |
|---|---|---|---|
| ६२७ | ० | ० | ० |

(श्रोतः हेटौडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखा)

कुपोषणबाट प्रभावित बालबालिका भएको पाईएन।

### ४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु

खानेपानीको कारणले विगत १ वर्षमा बालबालिकालाई हैजा/झाडावान्ता र टाईफाइडको संक्रमण भएको पाईयो।

यस वडामा जम्मा ७ जना बालबालिकाहरुलाई दिर्घ रोग लागेको पाईएको छ। मुटु रोग ६ जनालाई र मृगौला सम्बन्धि रोग १ जनालाई लागेको पाईयो र २ जनाको मुटु रोगको कारणले मृत्य भएको पाईएको छ।

### ४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य

यस वडाका घरपरिवारहरुको प्राथमिकताको आधारमा उपचार गराउने केन्द्रहरुमा अस्पताल (निजी/सरकारी) पहिलो स्थानमा रहेको छ। उपचारको लागि ४२.५७ प्रतिशत घरपरिवार अस्पतालमा जाने गर्नुहुन्छ भने ३२.०५ प्रतिशत घरपरिवार स्थानीय स्वास्थ्य संस्था/चौकीमा भर पर्नु हुन्छ। अन्य उपचारका केन्द्र र उपचार गराउने घरपरिवारको विवरण तल प्रस्तुत गरिएको छः

| मुख्य उपचार केन्द्रहरु र उपचार गर्न जाने घरपरिवारको विवरण | | | | |
|---|---|---|---|---|
| क्र. सं. | मुख्य उपचार केन्द्र | उपचार केन्द्र जाने घरधुरी (प्रतिशतमा) | उपचार केन्द्र जाने घरधुरी संख्या | कैफियत |
| १ | लामा/धामी/झाँक्री | ०.५०% | ९ | |
| २ | परम्परागत वैद्य | ०.००% | ० | |
| ३ | स्थानीय स्वास्थ्य संस्था/चौकी | ३२.०५% | ५७६ | |
| ४ | अस्पताल(निजी/सरकारी) | ४२.५७% | ७६५ | |
| ५ | क्लिनिक(निजी) | २४.७६% | ४४५ | |
| ६ | अन्य | ०.११% | २ | |
| जम्मा : | | १००.००% | १७९७ | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिका अनुसार क्लिनक (निजी) मा जाने घरपरिवारको संख्या २४.७६ प्रतिशत र लामा/धामी/झाँक्रीमा जाने घरपरिवारको संख्या ०.५० प्रतिशत रहेको छ।

घर देखी उपचार केन्द्र सम्मको दुरीलाई विश्लेषण गर्दा ४१.६२ प्रतिशत घरपरिवारलाई १ घण्टा सम्मको दुरी पार गर्नु पर्दछ भने १५.८० प्रतिशत घरपरिवारलाई १५ मिनेट भन्दा कम समयको दुरी पार गर्नु पर्दछ। थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| घर देखि उपचार केन्द्रको दुरी | | | | |
|---|---|---|---|---|
| क्र. सं. | उपचार केन्द्र सम्मको दुरी | दुरी प्रतिशतमा | घरपरिवार संख्या | कैफियत |
| १ | १५ मिनेट भन्दा कम | १५.८०% | २८४ | |
| २ | १५ देखि ३० मिनेट सम्म | ३६.१२% | ६४९ | |
| ३ | १ घण्टासम्म | ४१.६२% | ७४८ | |
| ४ | १ घण्टा भन्दा बढी | ६.४६% | ११६ | |
| जम्मा : | | १००.००% | १७९७ | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

३६१२ प्रतिशत घरपरिवारलाई १५ देखी ३० मिनेट सम्म दुरी पार गर्नु पर्दछ र १ घण्टा भन्दा बढि सम्म समय लाग्ने घरपरिवारहरु ६.४६ प्रतिशत रहेका छन्।

बालबालिका विरामी हुँदा तुरुन्त उपचार गर्न सक्ने सामर्थ्य अर्थात आर्थिक अवस्था विश्लेषण गर्दा ६८.४५ प्रतिशत परिवारको अवस्था राम्रो भएको र ३१.५५ प्रतिशत परिवारको अवस्था राम्रो नभएको पाईएको छ।

### ४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण

प्रसुति पूर्व र प्रसुति पश्चात गरी दुई भागमा विभाजन गर्भवती महिला, गर्भ र आमा र नवजात शिशुको स्वास्थ्य जाँचको बारेमा यहाँ विश्लेषण गरिएको छ। प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण निम्नानुसार विश्लेषण सहित उल्लेख गरिएको छ।

#### ४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण


विगत १ वर्षमा यस वडाका जम्मा ७३ महिला गर्भवती भएका थिए र ४ पटक भन्दा बढी गर्भ जाँच गराउने महिलाहरु भएता पनि यहाँ चार पटक सम्मकोलाई अध्ययन गरिएको छ। ४ पटक सम्म गर्भ जाँच गराउने महिला संख्या ६१ रहेको पाईयो। एक पटक मात्रै गर्भ जाँच गराउने संख्या १ र गर्भ जाँच नगराउने महिला संख्या १ रहेको पाईयो। त्यस्तैगरी ३ र २ पटक सम्म गर्भ जाँच गराउने महिला संख्या क्रमशः ५ र १ रहेको पाईयो। आफ्नो गर्भको अवस्था जाँच गराउने सम्बन्धि विवरण प्रतिशतमा तल प्रस्तुत गरिएको छः

| गर्भजांचको अवस्था | प्रतिशत | संख्या |
|---|---|---|
| ४ पटक सम्म जाँच गर्ने | ८१.३३% | ६१ |
| ३ पटक सम्म जाँच गर्ने | ९.३३% | ७ |
| २ पटक सम्म जाँच गर्ने | ६.६७% | ५ |
| १ पटक मात्रै जाँच गर्ने | १.३३% | १ |
| गर्भवती जाँच नगर्ने | १.३३% | १ |
| **जम्माः** | १००.००% | ७३ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

#### ४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण

प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने सम्बन्धि विवरणलाई हेर्दा १०० प्रतिशतले स्वास्थ्य जाँच गरेको पाईयो जुन प्रतिशत तल उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.७ टिडी खोप सम्बन्धी विवरण

गर्भवति महिलाहरुले टिडी खोप लगाउनु पर्ने हुन्छ र यस वडाका कूल गर्भवति महिलाहरुले खोप लगाएको सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | टिडी खोपको पटक | खोप लगाउने गर्भवती महिलाको प्रतिशत | खोप लगाउने गर्भवती महिलाको संख्या |
|---|---|---|---|
| १ | २ पटक सम्म लगाउने | ९८.६% | ७२ |
| २ | १ पटक मात्र लगाउने | १.४% | १ |
| ३ | खोप नलगाउने | ०.०% | ० |
| | **जम्मा:** | १००.०% | ७३ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा ७३ गर्भवति महिलाहरु मध्ये सबैभन्दा धेरै २ पटक (९८.६ प्रतिशत) सम्म मात्र खोप लगाएको पाईयो भने १ पटक खोप लगाउने गर्भवति महिला १ जना (१.४ प्रतिशत) भएको पाईयो। खोप नलगाउने महिला संख्या भएको पाईएन।

### ४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण

नियमित रुपमा २५० आइरन चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको संख्या ५२ र ५० सम्म प्रयोग गर्ने गर्भवतीहरुको संख्या ५ रहेको पाईयो। आइरन चक्की प्रयोग नगर्ने देखी २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको विस्तृत विवरण प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः


| क्र.सं. | आइरन चक्की विवरण | आइरन चक्की प्रयोग गर्ने गर्भवति महिलाको | |
|---|---|---|---|
| | | प्रतिशत | संख्या |
| १ | २५० चक्की सम्म प्रयोग गर्ने | ७१.२% | ५२ |
| २ | २०० चक्की सम्म प्रयोग गर्ने | १२.३% | ९ |
| ३ | १५० चक्की सम्म प्रयोग गर्ने | ०.०% | ० |
| ४ | १०० चक्की सम्म प्रयोग गर्ने | ९.६% | ७ |
| ५ | ५० चक्की सम्म प्रयोग गर्ने | ६.८% | ५ |
| ६ | आइरन चक्की सम्म प्रयोग नगर्ने | ०.०% | ० |
| | **जम्मा:** | १००.०% | ७३ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

नियमित रुपमा पूरा २२५ चक्की सम्म पुरा प्रयोग गर्ने ७१.२ प्रतिशत गर्भवती रहेको पाईयो।

### ४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

गत १ वर्ष भित्र गर्भवति भएकाहरु मध्ये जम्मा ३९ जना गर्भवतिहरु मात्र यस वर्ष सुत्केरी भएका छन्। उनीहरुको प्रसुति भएको स्थान प्रतिशतमा तल प्रस्तुत गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

प्रसुति गराएको स्थानलाई हेर्दा स्वास्थ्य संस्थामा ८८.९ प्रतिशतको प्रसुति गरिएको छ भने ४.४ प्रतिशतको घरमै स्वास्थ्यकर्मीहरुको सहयोगमा प्रसुति गरिएको तथा ६.७ प्रतिशतको स्वास्थ्यकर्मी विनानै प्रसुति गरिएको छ। माथिको विवरणलाई हेर्दा घरमा स्वास्थ्यकर्मी विना जोखिममा पनि प्रसुती हुने गरेको पाईएको छ।

### ४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण

२ वर्षसम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको अवस्थाको बारेमा जानकारी लिदां ९३.९६ प्रतिशत नियमित तौल लिने गरिएको छ भने ६.०४ प्रतिशत बालबालिकाको नियमित तौल लिने नगरिएको पाईएको छ। उक्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण

यस वडाका ५ वर्ष मुनिका बालबालिकाहरुलाई २ पटक भिटामिन 'ए' र जुकाको औषधि सेवन गराएको अवस्थाको विश्लेषण गर्दा ५ वर्ष मुनिका कुल बालबालिका ५३७ रहेको र ९३.१२ प्रतिशतले भिटामिन 'ए' र ९१.५० प्रतिशतले जुकाको औषधि खुवाएको पाईएको छ। तल उल्लेखित तालिकाले विस्तृतमा उक्त विश्लेषण प्रस्तुत गरेको छः

| भिटामिन 'ए' र जुकाको औषधि खुवाएको/नखुवाएको अवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिङ्ग | भिटामिन 'ए' खुवाएको | | भिटामिन 'ए' नखुवाएको | | जुकाको औषधि खुवाएको | | जुकाको औषधि नखुवाएको | | जम्मा |
| | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | |
| बालिका | ९३.१२% | २३०.०० | ६.८८% | १७.०० | ९१.५०% | २२६.०० | ८.५०% | २१.०० | २४७.०० |
| बालक | ९४.१४% | २७३.०० | ५.८६% | १७.०० | ९२.७६% | २६९.०० | ७.२४% | २१.०० | २९०.०० |
| जम्मा | | | | | | | | | ५३७ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

१७ जना बालिका र १७ जना बालकलाई भिटामिन 'ए' खुवाएको पाईएन र २१ जना बालिका र २१ जना बालकलाई जुकाको औषधि खुवाएको पाईएन।

### ४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका

यस वडाका परिवारमा एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका छैनन्।

### ४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण

यस वडाका १००% घरपरिवारहरुले आयोडिनयुक्त नुनको प्रयोग गर्दछन्।

### ४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था


यस वडाका कूल परिवार मध्ये ३.७३ प्रतिशत परिवारको शौचालय भएको पाईएन। ७८३ परिवार अर्थात ४३.५७% ले पक्कि (वाटर सिल्ड) शौचालय प्रयोग गर्दछन् भने ६६० परिवार अर्थात ३६.७३% ले वायो ग्याँस जडान भएको शौचालय प्रयोग गर्दछन्। यस वडामा प्रयोग भईरहेको शौचालयको प्रकार, प्रयोगकर्ताको संख्या र प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः

| परिवारमा शौचालयको अवस्था | | | |
|---|---|---|---|
| क्र. सं. | शौचालयको प्रकार | घरपरिवार (प्रतिशतमा) | घरपरिवार संख्या |
| १ | कच्ची शौचालय | १५.९७% | २८७ |
| २ | पक्कि(वाटरसिल्ड) | ४३.५७% | ७८३ |
| ३ | वायो ग्याँस जडान भएको | ३६.७३% | ६६० |
| ४ | ढलमा जडान भएको | ०.००% | ० |
| ५ | शौचालय नभएको | ३.७३% | ६७ |
| जम्मा: | | १००.००% | १७९७ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

कच्ची शौचालय प्रयोग १५.९७ प्रतिशत परिवारले गर्दछन्।

परिवारमा सरसफाईको अवस्थालाई विश्लेषण गर्दा यस वडाका ९ परिवारमा हातधुने व्यवस्था भएको तर उनीहरुले कहिले काही मात्र हात धुने गरेका छन्। हातधुने व्यवस्था भए पनि त्यसको व्यवहारिक प्रयोग कस्तो छ भन्नेबारे विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

विभिन्न अवस्थामा हात धुने फरक फरक व्यवहारहरु प्रचलनमा छन्। खाना खानु अघि हात धुने ०.४९ प्रतिशत, खाना खाए पछि हात धुने ०.३३ प्रतिशत, खाना अघि र पछि हात धुने ०.३८ प्रतिशत, शौचालय गरे-गराए पछि हात धुने ०.३८ प्रतिशत र फोहर वस्तु छोए पछी हात धुने ०.२७ प्रतिशत परिवारहरु रहेका छन्। सबै अवस्थाहरुमा हात धुने परिवारहरु ९८.१३ प्रतिशत रहेका छन्।

हात धुदा के प्रयोग गर्नुहुन्छ भनेर हेर्दा प्रायः जसो परिवारले (९४.७७%) साबुन पानीको प्रयोग गर्ने र ५.०७% परिवारले पानी मात्र प्रयोग गर्ने तथा ०.११% परिवारले खरानी पानीको प्रयोग गर्ने गरेको पाईयो। त्यस्तैगरी कुनै पनि साधन प्रयोग नगर्ने पनि १ परिवार रहेको पाईयो।

### ४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण

यस वडाका कूल घरपरिवारहरु मध्ये ९९.१४% ले पाइप-धारा (घरमै भएको) प्रयोग गर्दछन् भने २१ परिवार अर्थात ०.८६% ले घरमा नभएको खानेपानीको श्रोत प्रयोग गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोत तल प्रतिशतमा उल्लेख गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकामा ४ (०.१६%) परिवारले ट्युबवेल प्रयोग गर्दछन् भने १७ (०.६९%) परिवारले इनार कुवा वा जरुवाको पानी प्रयोग गर्दछन्|

घरमै धारा भएका परिवार बाहेकका परिवारहरुले १५ मिनेटको दुरीबाट खानेपानी ल्याउने गरेको पाईयो|


खानेपानी शुद्धीकरण विधिबारे वडाबासीहरुको जानकारी अनुसार श्रोतमा नै शुद्ध पानी छ भन्ने घरपरिवार ५५.१९% छन् र केही नगरी पिउने गरेका वडाबासीहरु १६.२०% रहेका छन्| खानेपानी शुद्धीकरण विधिको प्रयोगबारे थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिका अनुसार सुरक्षित फिल्टर जडान भएको छ भन्ने वडाबासीहरु १४.३६% छन् र उमालेर प्रयोग गर्ने वडाबासीहरु १४.२६% छन्|

खानेपानीको कारणले विगत १ वर्षमा रोग लागेका घरपरिवारको संख्या जम्मा ३६९ रहेको पाईयो जस्मा २६१ जना रगतमासी, ७० जनालाई टाईफाइड, १६ जनालाई हैजा/झाडावान्ता, १४ जनालाई जन्डिस र ८ जनालाई जुकाको संक्रमण भएको पाईयो| उक्त संख्यालाई तलको तालिकामा प्रतिशतमा प्रस्तुत गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ५ वडाको शैक्षिक अवस्था

## ५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

यस वडामा लेखपढ गर्न सक्ने महिला अर्थात साक्षर महिला ८१.०४ प्रतिशत छन् भने १८.९६ प्रतिशत महिला अहिले पनि असाक्षर छन्। बालबालिकाको साक्षरता अवस्था महिलाको भन्दा राम्रो अवस्थामा छ। बालबालिकाको साक्षरता प्रतिशत ९९.५४ प्रतिशत रहेको छ। बालिकाको साक्षरता बालकको भन्दा बढि रहेको छ। बालबालिकाको साक्षरता प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा ०.४६ प्रतिशत बालबालिका निरक्षर रहेको देखिन्छ।

## ५.२ शैक्षिक संस्थाहरुको विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | ठेगाना |
|---|---|---|---|
| सामुदायिक | ज्योति मा. वि. | (१-१२) | हे.न.पा. – १८ |
| सामुदायिक | गोरक्षनाथ मावि | (१-१०) | हे.न.पा. – १८ |
| सामुदायिक | राजदेवी मा विद्यालय | (१-१०) | हे.न.पा. – १८ |
| सामुदायिक | भावना प्राथमिक विद्यालय | (१-५) | हे.न.पा. – १८ |
| सामुदायिक | कालिदेवी प्राथमिक विद्यालय | (१-३) | हे.न.पा. – १८ |
| संस्थागत | मकवानपुर बाल विद्या सदन | (१-१०) | हे.न.पा. – १८ |
| संस्थागत | लोटस एकेडेमी | (१-५) | हे.न.पा. – १८ |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.३ छात्रछात्राको विवरण

### ५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण

यस वडामा रहेको एक सामुदायिक र एक संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा |
| सामुदायिक | ज्योति मा. वि. | (१-१२) | ५४१ | ६२९ | ११७० |
| सामुदायिक | गोरक्षनाथ मावि | (१-१०) | १७७ | १६४ | ३४१ |
| सामुदायिक | कमला आधारभूत विद्यालय | (१-८) | १३६ | १५० | २८६ |
| सामुदायिक | भावना प्राथमिक विद्यालय | (१-५) | ३९ | ४२ | ८१ |
| सामुदायिक | कालिदेवी प्राथमिक विद्यालय | (१-३) | ९ | १४ | २३ |
| संस्थागत | मकवानपुर बाल विद्या सदन | (१-१०) | २०७ | २६४ | ४७१ |
| संस्थागत | लोटस एकेडेमी | (१-५) | ६५ | ६० | १२५ |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

### ५.३.२ वडाको बिद्यार्थी विवरण


यस वडाका अध्ययनरत बालबालिकाको संख्या जम्मा १,८७० रहेका छन् जसमध्ये ९९१ बालक र ८७९ बालिका रहेका छन् अर्थात बालिका भन्दा बालकको संख्या धेरै छ। विभिन्न कक्षा समूहमा अध्ययनरत बालबालिकाको संख्या तथ कूल जोड तलको तालिकामा प्रस्तुत गरिएको छः

| कक्षा | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| ० देखि ५ कक्षा | ४७३ | ५९३ | १०६६ |
| ६ देखि ८ कक्षा | १५१ | १८८ | ३३९ |
| ९ देखि १० कक्षा | १५० | १३८ | २८८ |
| ११ देखि १२ कक्षा | १०५ | ७२ | १७७ |
| जम्मा: | ८७९ | ९९१ | १,८७० |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकाको विश्लेषण गर्दा सबैभन्दा धेरै बालबालिका पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत छन् भने उच्च मध्यामिक तह अर्थात ११ देखी १२ कक्षामा सबैभन्दा कम अध्ययनरत छन् निमावि (६ देखी ८) आधारभूत र मध्यामिक कक्षामा क्रमशः ३३९ र २८८ जना बालबालिका अध्ययनरत छन्। माथिको विवरणमा सानो कक्षाहरुमा भए जति बालबालिका माथिल्लो कक्षाहरुमा देखिएन अर्थात त्यो संख्या कम हुदै गएको देखिन्छ। यसका धेरै कारणहरु हुन सक्दछन्।

कूल विद्यार्थी संख्यालाई आधारमा मान्दा पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत विद्यार्थी ५७.०१ प्रतिशत छन् भने उच्च मध्यामिक तह मा अध्ययनरत विद्यार्थी ९.४७ प्रतिशत छन्। त्यस्तैगरी आधारभूत (निमावि) र मध्यामिक कक्षामा क्रमशः १८.१३ र १५.४० प्रतिशत बालबालिका अध्ययनरत छन्। अध्ययनरत विद्यार्थीहरुको कक्षा समूहगत, बालक र बालिका तथा कूल संयोजनको छुट्टाछुट्टै प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

५-१४ वर्ष उमेरका बालबालिकाहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छः


| **५ देखि १४ वर्ष उमेरका बालबालिका** | | | **आधारभूत १-८ कक्षा सम्मको शिक्षा पूरा गरेका बालबालिका** | | |
|---|---|---|---|---|---|
| **बालिका** | **बालक** | **जम्मा** | **बालिका** | **बालक** | **जम्मा** |
| ६१५ | ६८३ | १२९८ | ५१७ | ६१४ | ११३१ |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

माथिको विवरण अनुसार कूल ५-१४ वर्ष उमेरका १,२९८ बालबालिकाहरु मध्ये ८७.१५ प्रतिशत बालबालिकाले मात्र आधारभूत शिक्षा पूरा गरेका छन्।

## ५.४ विद्‌यालय पुग्न लाग्ने समय

घरबाट विद्‌यालय पुग्न लाग्ने समयलाई विश्लेषण गर्दा धेरै जसो घरपरिवारलाई बढिमा ३० मिनेट समय लाग्ने गरेको पाईयो अर्थात करिव ८२ प्रतिशत घरपरिवारको ३० मिनेटको दुरीमा विद्‌यालय रहेको देखिन्छ। त्यसमा पनि १५ मिनेट भन्दा कम समय लाग्ने घरपरिवार २४ प्रतिशत रहेका छन्। विद्‌यालय पुग्न लाग्ने समयलाई तलको रोटी चित्रमा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको रोटी चित्रमा दर्शाए अनुसार यस वडाका १६ प्रतिशत घरपरिवारलाई विद्यालय पुग्न ३० देखि १ घण्टा सम्म लाग्ने गरेको पाईयो भने २ प्रतिशत घरपरिवारलाई १ घण्टा भन्दा बढि समय लाग्ने गरेको पाईयो।

## ५.५ विद्यालयमा खानेपानीको सुविधा

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा खानेपानीको सुविधा उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | खानेपानी सुविधा |
|---|---|---|---|
| सामुदायिक | ज्योति मा. वि. | (१-१२) | भएको |
| सामुदायिक | गोरक्षनाथ मावि | (१-१०) | भएको |
| सामुदायिक | कमला आधारभूत विद्यालय | (१-८) | भएको |
| सामुदायिक | भावना प्राथमिक विद्यालय | (१-५) | भएको |
| सामुदायिक | कालिदेवी प्राथमिक विद्यालय | (१-३) | भएको |
| संस्थागत | मकवानपुर बाल विद्या सदन | (१-१०) | भएको |
| संस्थागत | लोटस एकेडेमी | (१-५) | भएको |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

## ५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | शौचालय |
|---|---|---|---|
| सामुदायिक | ज्योति मा. वि. | (१-१२) | भएको |
| सामुदायिक | गोरक्षनाथ मावि | (१-१०) | भएको |
| सामुदायिक | कमला आधारभूत विद्यालय | (१-८) | भएको |
| सामुदायिक | भावना प्राथमिक विद्यालय | (१-५) | भएको |
| सामुदायिक | कालिदेवी प्राथमिक विद्यालय | (१-३) | भएको |
| संस्थागत | मकवानपुर बाल विद्या सदन | (१-१०) | भएको |
| संस्थागत | लोटस एकेडेमी | (१-५) | भएको |

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

शौचालय भएता पनि ०.३६ प्रतिशत विद्यार्थीहरुले शौचालय बालमैत्री नभएको पाएका छन्। त्यस्तैगरी छुट्टै शौचालयको व्यवस्थाबारे ०.३६ प्रतिशतले छुट्टै शौचालयको व्यवस्था नभएको पाएका छन्।

## ५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा तथा फर्निचर र खेल मैदान सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| विद्यालयको किसिम | विद्यालयको नाम | शैक्षिक किसिम | आवश्यकिय सुविधा | |
|---|---|---|---|---|
| | | | खेल मैदान | कोठा र फर्निचर |
| सामुदायिक | ज्योति मा. वि. | (१-१२) | छ | छ |
| सामुदायिक | गोरक्षनाथ मावि | (१-१०) | छ | छ |
| सामुदायिक | कमला आधारभूत विद्यालय | (१-८) | छ | छ |
| सामुदायिक | भावना प्राथमिक विद्यालय | (१-५) | छ | छ |
| सामुदायिक | कालिदेवी प्राथमिक विद्यालय | (१-३) | छ | छ |
| संस्थागत | मकवानपुर बाल विद्या सदन | (१-१०) | छ | छ |
| संस्थागत | लोटस एकेडेमी | (१-५) | छ | छ |

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

### ५.८ विद्यालय भर्ना नभएका बालबालिकाको विवरण

विद्यालय भर्ना नभएका बालबालिका जम्मा १४ जना रहेका छन् जस्को लैंङ्गिकता र उमेर निम्नानुसार रहेका छन्:


| लिङ्ग | ५ देखि ९ वर्ष | १० देखि १४ वर्ष | १५ देखि १८ वर्ष | जम्मा |
|---|---|---|---|---|
| बालिका | १ | ० | ३ | ४ |
| बालक | ३ | ३ | ४ | १० |
| **जम्मा** | **४** | **३** | **७** | **१४** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

१५-१८ वर्षका बालकहरु बालिकाको तुलनामा विद्यालय भर्ना नभएको पाईयो।

### ५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण

यस वडामा जम्मा ८ जना (७ बालक र १ बालिका) विद्यालय छाडेका बालबालिका रहेका छन् जस्मा बालकको संख्या धेरै रहेको छ। विद्यालय छोड्नु पर्ने कारणहरु तलको तालिकामा प्रस्तुत गरिएको छः





(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

विद्यालय छोड्नुको कारणहरु विश्लेषण गर्दा सबैभन्दा धेरै माथि उल्लेखित बाहेकका कारणहरु देखिएका छन् (५८%) र दोस्रोमा पारिवारिक समस्या जस्तै झगडा (२१%) देखिएको छ भने विद्यालयको वातावरण (बालमैत्री नभएको) र बालश्रम बारबार कारणको रुपमा (११%) रहेको पाईएको छ।

## ५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

यस वडामा बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा जाने (३ देखि ५ वर्ष सम्मका) बालबालिकाको संख्या २४४ रहेको छ जस्मा बालकको संख्या १४४ र बालिकाको संख्या १०० रहेको छ जस्को प्रतिशत विवरण तलको तालिकामा उल्लेख गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा रहेका उक्त उमेर समूहका बालबालिकाको संख्या ३६४ रहेको छ। वडाको उक्त उमेर समूहका जम्मा बालबालिका र बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा गईरहेका बालबालिकाको तुलनात्मक अवस्था तलको तालिकामा उल्लेख गरिएको छः

| क्र.सं. | ३-५ वर्ष उमेरका बालबालिका | वडाको संख्या | बाल बिकास केन्द्र वा पूर्व प्राथमिक विद्यालय जाने | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बालिका संख्या | १५३ | बालिका संख्या | १०० | ६५.३६ |
| २ | बालक संख्या | २११ | बालक संख्या | १४४ | ६८.२५ |
| | **जम्मा:** | **३६४** | **जम्माः** | **२४४** | |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा ६७.०३ प्रतिशत बालबालिकाहरु बाल विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयमा गईरहेका छन्।

## खण्ड ६ वडामा बाल संरक्षण

### ६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण


यस वडामा द्धन्द्ध पिडित बालबालिका भएको पाईएन। विगत ३ वर्षमा यस वडामा महामारीले ८७.७ प्रतिशत र आगलागीले १२.२ प्रतिशत घरपरिवार प्रभावित भएको हुँदा ती परिवारका बालबालिका जोखिम परेको देखिन्छ। त्यस्तैगरी ५.४ प्रतिशत घरपरिवार ज्याला मजदुरीबाट आम्दानी गर्दछन र ज्याला मजदुरी आफैमा न्यून आय हो र महामारीको मारमा उनीहरुको पेशा परेको कारण ज्याला मजदुरी गर्न नसकिने अवस्था श्रृजना हुन गई उनीहरुको बालबालिकाहरु जोखिममा परेको देखिन्छ।

### ६.२ विस्थापित बालबालिका सम्बन्धी विवरण

विस्थापित भएका बालबालिका यस वडामा रहेको पाईएन।

### ६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण

बालबालिकाले परिवारमा कमजोरी गरेमा घरपरिवारले गर्ने व्यवहारको विश्लेषण गर्दा बहुसंख्यक ८५.३४ प्रतिशत घरपरिवारले सम्झाउने गरेको पाईयो भने १३.९७ प्रतिशत घरपरिवारले गालि गर्ने र ०.११ प्रतिशत घरपरिवारले हेप्ने/निन्दा गर्ने/मनोवैज्ञानिक तनाब दिने जस्ता कठोर सजाय दिने गरेको पाईयो। घरपरिवारमा आफ्नो छोराछोरी विच भेदभाव गरेको छ कि भनेर हेर्दा भेदभाव गर्ने घरपरिवार भएको पाईएन। त्यस्तै गरी बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुको बारेमा विश्लेषण गर्दा सबैभन्दा धैरै सम्झाई बुझाई गर्ने ८७ प्रतिशत, गाली पाउने १२.७६ प्रतिशत, कान समातेर उठबस गर्नु पर्ने ०.०६ प्रतिशत र कुटपिट पाउने ०.१७ प्रतिशत जस्ता सजायहरु विद्यालयले दिने गरेको पाईयो। बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुका किसिम र प्रतिशत तल प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

विगत एक वर्षमा महिला तथा बालबालिका माथि घरपरिवारमा कुनै हिँसाको वा सामाजिक कुरीति सम्बन्धि घटना घटेको पाईएन।

### ६.४ बालश्रमिक सम्बन्धी विवरण

यस वडामा जम्मा ३ परिवारको ३ जना (१ बालिका र २ बालक) बालश्रमिकको रुपमा कार्य रहेको पाईयो। उमेर समूह अनुसार बालश्रम सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | उमेर समूह | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | ० देखि ५ वर्ष | ० | ० | ० |
| २ | ६ देखि १० वर्ष | ० | ० | ० |
| ३ | ११ देखि १५ वर्ष | ० | १ | १ |
| ४ | १६ देखि १८ वर्ष | २ | ० | २ |
| ५ | १९ वर्ष भन्दा माथि | ० | ० | ० |
| | **जम्मा:** | **२** | **१** | **३** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिकामा उल्लेख भए अनुसार उमेर समूह ११-१५ र १६-१८ को क्रमशः १ जना बालिका र २ जना बालक बालश्रम रहेका पाईएको छ।

उनीहरुको कामको प्रकृती हेर्दा १ जना होटल/पसल, १ जना उद्योग/कलकारखाना र १ जना बाल भरियाको रुपमा कार्य गरिरहेको देखिएको छ। दिनको ६ देखी १० घण्टा काम गर्ने २ जना र ११ देखी १५ घण्टा काम गर्ने १ जना काम गर्ने गर्दछन्। उनीहरु विगत १ वर्ष देखि २ जना र विगत २ वर्ष देखी २ जना कार्यरत रहेका छन्। उनीहरु तलब नगदमा लिन्छन्।

उनीहरुको आफ्नो अभिभावकसंग वर्षमा भेटघाट गर्न पाउने समयलाई विश्लेषण गर्दा ५० प्रतिशत बालश्रमिकको बर्षको ३ देखी ५ पटक र बाकीं ५० प्रतिशत बालश्रमिकको ८ देखी १२ पटक भेटघाट गर्न पाउने रहेछन्। उनीहरु तीनै जना विद्यालयमा पढ्ने गरेका छैनन्। बाल श्रमिकको रुपमा कार्य गर्दा उनीहरुले पारिश्रमिक समयमा नपाउनु समस्या भएको बताएका थिए।

### ६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण

यस वडामा परिवारमा बालबालिका माथि यौन शोषण भएको छ कि छैन भनेर हेर्दा सो बारेमा १०० परिवारलाई थाहा नभएको पाईएको छैन। यस वडामा बेचविखन सम्बन्धी घटना घटेको पाईएन।

### ६.६ सडक बालबालिकाको विवरण

यस वडामा सडक बालबालिका भएको पाइएन।

### ६.७ कुलतमा लागेका बालबालिकाको विवरण

यस वडामा ३ जना बालकहरु कुलतमा लागेको पाईयो भने बालिकाको कुलतमा संलग्नता भएको पाईएन।

### ६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

यस वडामा HIV Positive आमा/बुवाबाट जन्मेका बालबालिका भएको पाईएन। खानेपानीको कारणले विगत १ वर्षमा बालबालिकालाई हैजा/झाडावान्ता र टाईफाइडको संक्रमण भएको भएता पनि मृत्यु

भएको पाईएन। साथै ७ जना बालबालिकाहरुलाई दिर्घ रोग लागेको पाईएको छ। मुटु रोग ६ जनालाई र मृगौला सम्बन्धि रोग १ जनालाई लागेको पाईयो र २ जनाको मुटु रोगको कारणले मृत्य भएको पाईएको छ।

विगत १ वर्षमा यस वडामा ५ वर्ष मुनिका बालबालिकाको मृत्यु भएको पाईएन।

### ६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

ज्याला मजदुरी गर्ने परिवारको संख्या र वर्षभरी धान्न सक्ने जीविकोपार्जनको अवस्थालाई हेर्दा यस वडामा खाद्यान्न संकटमा पर्न सक्ने परिवार रहेको देखिन्छ। ज्याला मजदुरीलाई पेशाको रुपमा लिएको परिवार ५.४ प्रतिशत छन् र यो परिवार खाद्यान्न संकटमा रहेको देखिन्छ। त्यस्तैगरी ३ महिना भन्दा कमका लागि खान पुग्ने अवस्थामा १.६% परिवार छन् र ३ देखी ६ महिना सम्म खान पुग्ने अवस्थामा ४.०% परिवार छन् र ती परिवारको वर्षभरीको जीविकोपार्जन धान्न मुस्किल छ। उक्त परिवारमा रहेका बालबालिकाको खाद्यान्न संकटमा छन् र विस्तृत खोज विवरण वडा कार्यलयले संकलन गरेर घटना व्यवस्थापन गर्न आवश्यक छ।

### ६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण

यस वडामा जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिका भएको पाईएन।

### ६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

यस वडामा २ जना बालिका र ५ जना बालक गरी जम्मा ७ जना बालबालिकाहरु संस्थागत हेरचाहमा रहेको पाईयो। उनीहरु बोर्डिङ स्कुलमा र होस्टलमा बसेको पाईयो। संस्थागत रुपमा बस्दै आएको सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | संस्थामा बस्दै आएको समय | संख्या |
|---|---|---|
| १ | ० देखि ६ वर्ष | ५ |
| २ | ७ देखि १० वर्ष | १ |
| ३ | ११ देखि १४ वर्ष | १ |
| ४ | १५ देखि १६ वर्ष | ० |
| ५ | १७ देखि १८ वर्ष | ० |
| | जम्मा : | ७ |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

पढाईमा सुधारकालागि उनीहरुलाई संस्थागत हेरचाहमा रहनु परेको पाईयो।

# खण्ड ७ वडाको आर्थिक विकास

## ७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

यस वडाका कूल परिवार संख्या मध्ये ८६.६ प्रतिशत परिवार मात्र पेशा/रोजगारीमा जोडिएका छन्। ती परिवारका आर्थिक रुपमा सक्रिय सदस्यहरुको पेशा/रोजगारी विलेषण गर्दा निम्नानुसार विवरण प्राप्त भएको छः


| क्र.सं. | परिवार सदस्यहरुको मुख्य पेशा/रोजगारी | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | कृषि | ५८.५% | १२९२ |
| २ | ब्यापार-व्यवसाय | १५.४% | ३३९ |
| ३ | सेवा-नोकरी | २०.५% | ४५३ |
| ४ | ज्याला मजदुरी | ५.४% | ११९ |
| ५ | उद्योग | ०.२% | ४ |
| | **जम्मा** | **१००%** | **२,२०७** |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

परिवारहरुका सदस्यहरुको मुख्य पेशालाई विश्लेषण गर्दा कृषिमा ५८.५% संलग्न छन् भने २०.५% सेवा/नोकरीमा संलग्न छन्। त्यस्तैगरी व्यापार व्यवसायमा १५.४% संलग्न छन् भने ५.४% ज्याला मजदुरीमा संलग्न छन्। यस वडाका ०.२% व्यक्तिहरु मात्र उद्योगमा संलग्न छन्।

## ७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण


वर्षभरीको जीविकोपार्जनमा परिवारको आफ्नो उत्पादन/आम्दानीले धान्न सक्ने अवस्थाको विश्लेषण गर्दा कूल परिवार मध्ये ३३.१ प्रतिशत परिवारहरु आफ्नो आम्दानीले वर्षभरी खान पुग्ने र बचत पनि गर्न सक्ने अवस्थामा छन् र १० देखी १२ महिना सम्म खान पुग्ने परिवार ५५.९% छन् भने साह्रै कमजोर परिवार पनि रहेको पाईयो जो ३ महिना भन्दा कमका लागि मात्र जीविकोपार्जन धान्न सक्ने अवस्थामा छन् (१.६%)। ३ देखि ६ महिना सम्मकोलागि खान पुग्ने अवस्थामा ४.०% परिवार छन्। ७ देखि ९ महिना सम्मकोलागि खान पुग्ने परिवार ५.५% छन्। आम्दानीले जीविकोपार्जन धान्न सक्ने अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

### ७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण

यस वडाका १६ देखी ४० वर्षका १९०९ युवाहरु विभिन्न पेशा/रोजगारीमा आवद्ध रहेका छन्। कृषिमा १२०८ जना, व्यापार व्यवसायमा २३५, जागिरमा ३७४ जना र ज्याला मजदुरीमा ८९ आवद्ध छन्। सबैभन्दा बढि युवाहरु कृषिमा छन् र सबैभन्दा कम उद्योगमा छन्। पेशा/रोजगारीमा संलग्न भएका युवाहरुको विवरण प्रतिशतमा निम्नानुसार रहेको छः




(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

(नोटः माथि उल्लेखित तथ्याङ्क बालबालिका भएका परिवारको युवा रोजगारीको मात्र हो)

### ७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण

वडाका घरपरिवारबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ३९२ अर्थात कुल पेशा/व्यवसायमा रहेका व्यक्तिहरुको १७.७६ प्रतिशत वैदेशिक रोजगारमा रहेका छन्। ती वैदेशिक रोजगारमा गएका व्यक्तिहरु मध्ये २४.५ प्रतिशत महिला छन्। वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु विगत लामो समय देखी गएको देखिन्छ। ५ वर्ष भन्दा कम र सो भन्दा बढि वर्ष गरेर दुई भागमा छुट्ट्याएर हेर्दा ५ वर्ष भन्दा कम समय वैदेशिक रोजगार रहेका व्यक्ति ६६.८ प्रतिशत छन् र उक्त विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | परिवारको सदस्यहरु वैदेशिक रोजगारीमा गएको अवधि | प्रतिशत |
|---|---|---|
| १ | ५ वर्ष भन्दा कम | ६६.८% |
| २ | ५ वर्ष भन्दा बढि | ३३.२% |

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

# खण्ड ८ वडाको प्रकोप अवस्था

## ८.१ प्रकोपको विवरण

बालबालिका भएको परिवारहरु मध्ये यस वडामा प्रकोप प्रभावित २७ परिवार रहेका छन्। महामारी र आगलागी जस्ता प्रकोपबाट वडाबासी प्रभावित भएको पाईएको छ।

बालबालिका अध्ययन गर्ने विद्यालयमा प्रकोप जोखिमको अवस्था हेर्दा एउटा विद्यालय बाढीको जोखिममा रहेको पाईएको छ। त्यस्तैगरी विद्यालय आउँदा जाँदा बालबालिकालाई हुन सक्ने जोखिमहरुमा पनि बाढीको जोखिम देखिएको छ।

## ८.२ प्रकोपबाट भएको क्षतिको विवरण

प्रकोपको क्षतिको विवरण छैन।

## ८.३ बाल अपराधको विवरण

बाल अपराध सम्बन्धि कुनै घटना भएको पाईएन।